# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २८ भदौ २०८०

# बिहीवार

# बैठक सङ्ख्या- ४०

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १५:०४ बजे प्रारम्भ भयो ।

(१५:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म संविधान सभाका अध्यक्ष, पूर्वसभामुख, वर्तमान प्रतिनिधि सभा सदस्य तथा नेपाल कम्युनिष्ट पार्टी, एमालेका केन्द्रीय उपाध्यक्ष एवं प्रतिनिधि सभामा संसदीय दलका उपनेता सुवास चन्द्र नेम्वाङ्गको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु ।

वि.स. २००९ साल फागुन २८ गते जन्मनुभएका संविधान सभा अध्यक्ष, पूर्वसभामुख एवं वर्तमान प्रतिनिधि सभा सदस्य सुवास चन्द्र नेम्वाङ्गको ७१ वर्षको उमेरमा मिति २०८० साल भदौ २६ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्वर्गीय नेम्वाङ्ग नेकपा, एमाले पार्टीको तर्फबाट २०४८ र २०५२ मा राष्ट्रिय सभा सदस्य, २०५६ मा प्रतिनिधि सभा सदस्य, २०६३ मा पुनर्स्थापित प्रतिनिधि सभा सदस्य र व्यवस्थापिका संसद सदस्य, २०७२ मा रूपान्तरित व्यवस्थापिका संसद सदस्य, २०७४ र २०७९ मा संघीय संसदअन्तर्गतको प्रतिनिधि सभा सदस्य हुनुहुन्थ्यो । साथै २०६३ सालमा

पुनर्स्थापित प्रतिनिधि सभाको सभामुख, २०६३ सालमा नै व्यवस्थापिका संसदको सभामुख र २०६५ र २०७० को संविधान सभाको अध्यक्ष हुनुहुन्थ्यो ।

यसै गरी २०५६ मा प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिको सभापति हुनुभएका स्वर्गीय नेम्वाङ्ग कानुन, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्रीसमेत हुनुभएको थियो ।

संविधान सभामार्फत नेपालको संविधान निर्माणमा उहाँको अग्रणी भूमिका रहेको थियो ।

यो बैठक स्वर्गीय नेम्वाङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, अब संविधान सभा अध्यक्ष, पूर्वसभामुख एवं वर्तमान प्रतिनिधि सभा सदस्य सुवास चन्द्र नेम्वाङ्गको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असोज १२ गते शुक्रवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असोज १२ गते शुक्रवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:०९ बजे ।**